नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा, नेपाल

आज मिति २०८२/१२/२३ गते सोमबारका दिन जिल्ला विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिका अध्यक्ष एवं सिरहा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सुरेन्द्र पौडेलज्यूको अध्यक्षतामा तपसिलको पदाधिकारीहरुसँगको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति :**

| क्र.सं. | नाम थर | पद | कार्यालय/निकाय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | सुरेन्द्र पौडेल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, सिरहा | |
| २. | चेतराज बराल | स.प्र.जि.अ. | ,, | |
| ३ | वासुदेव पाठक | प्र.उ. | जि. प्र. का. | |
| ४. | सुमन जंग थापा मगर | प्र.पृ.उ. | श्री पृ-वल नेपाल नं. ७ गण | |
| ५. | शैलेन्द्र कु. मिश्र | डि.व.अ. | डि.व.का. सिरहा, लहान | |
| ६. | दिपेन्द्र प्रसाद सिंह | मे.सुपरिटेन्डेन्ट अधिकृत | रा.उ. प्रादेशिक अस्पताल, लहान | |
| ७ | युगल किशोर यादव | नि.का.प्र. | स्वास्थ्य कार्यालय, सिरहा | |
| ८ | विनोद कुमार साह | मे.सु. | प्रादेशिक अस्पताल सिरहा | |
| ९ | महेश कुमार सिंह | इन्जिनियर | सिंचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन | |
| १० | सुजाता यादव | इन्जिनियर | पूर्वाधार विकास कार्यालय, सिरहा | |
| ११ | राम प्रसाद यादव | [illegible] | रा.प्र.पा. | |
| १२ | रामबाबु यादव | उपाध्यक्ष | नेपाली कांग्रेस | |
| १३ | दिनेश कुमार मगर | R.A.T. प्रमुख | राष्ट्रिय स्वतन्त्र पार्टी | |
| १४ | हरि प्रसाद पोख्रेल | सभापति | राष्ट्रिय स्वतन्त्र पार्टी | |
| १५ | डा. ओरमन खुलाल | प्र. चिकित्सक | जेल अस्पताल वि.के. सिरहा | |
| १६ | नरेन्द्र कुमार महासेठ | प्रमुख | कारागार कार्यालय सिरहा | |
| २० | हलधर अन्सारी | डि. प्रमुख | ज. तथा सिंचाइ विकास डिभिजन | |
| २१ | राजदेव यादव | सभापति | रेडक्रस सिरहा | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा, नेपाल

| क्र.स. | नाम थर | पद | कार्यालय/निकाय | हस्ताक्षर |
|---|---|---|---|---|
| २२ | विश्वेश्वर यादव | सि.सं. | मुक्ति नेपाल | [signature] |
| २३ | दुर्गा परियार | जि. प्र. | इन्सेक | [signature] |
| २४ | रंजित कुमार साह | का.प्र. | कमला सि.ब्यो.क. ,धनुषा | [signature] |
| २५ | प्रकाश कुमार कार्की | सेनानी | श्री नन्दावक्स गण | [signature] |
| २६ | सुरेन्द्र कोइराला | उप प्रा. | रेड क्रस सिरहा | [signature] |
| २७ | डा सुनिल कुमार राय | प्रमुख/मेसु | प्रादेशिक अस्पताल सिरहा | [signature] |
| २८ | सुभाष पासवान | अधिकृत सातौं | मिर्चैया न.पा. सिरहा | [signature] |
| २९ | पंकज शर्मा | जि. सभापति | श्रम संस्कृति पार्टी | [signature] |
| ३० | महेश कुमार यादव | स.प्र. | दलित जनकल्याण युवा क्लब लहान | [signature] |
| ३१ | मुकेश चौधरी | PHNO | आस्थान नेपाल | [signature] |
| ३२ | कृष्ण देव यादव | PHND | आसमान नेपाल | [signature] |
| ३३ | मनोज कु. ठाकुर | स.प्र. | आपतकालिन सेवा केन्द्र | [signature] |
| ३४ | सूर्य नारायण मण्डल | इन्जीनियर | इलाका सडक योजना डाभिलिया,जनकपुर | [signature] |
| ३५ | रामप्रवेश यादव | गा.पा. अध्यक्ष | नरहा गाउँपालिका | [signature] |
| ३६ | गुलाबदेवी चौधरी | गा.पा. उपाध्यक्ष | ,, | [signature] |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**बैठकको निर्णयहरु :**

१. २०८२ श्रावण ०१ देखि हाल सम्म जिल्लामा भएका विपद्जन्य घटनाहरुको जानकारी बैठकमा गराई त्यस्ता घटनाहरुको विश्लेषण समेत गरियो।

२. जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिका विगतमा भएका निर्णयहरुको समिक्षा गरियो।

३. वर्तमान समय हावाहुरीको समय भएको र जिल्लाका विभिन्न भागमा आगलागिका घटनाहरु भई रहेको सन्दर्भमा आगलागी हुन नदिन र आगलागिबाट बच्न सबै स्थानीय तहहरुले सचेतनामूलक कार्यक्रम समुदाय स्तरमा संचालन गर्ने। आगलागि नियन्त्रणका लागि आवश्यक पर्ने प्रतिकार्य सामग्रीको बन्दोबस्त गर्ने व्यवस्था मिलाउने। सुरक्षा निकायबाट पनि पूर्वतयारी कार्यलाई तिव्रता दिने, डिभिजन वन कार्यालय लहानबाट डढेलो नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाउने। विभिन्न संघ संस्था तथा सञ्चारका साधनहरु समेतले पूर्व तयारी र सचेतनामूलक कार्यक्रममा सहयोग गर्ने व्यवस्था मिलाउने।

४. जिल्ला प्रशासन कार्यालयले विभिन्न कार्यालय र संघ संस्थाको समन्वयमा तैयार गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना- २०८३ बैठकमा पेश भई छलफल गरियो। प्रस्तुत योजनलाई परिमार्जन सहित पारित गरी कार्यान्यवन गर्ने व्यवस्था मिलाउने।

५. नजीजन्य पदार्थको उत्खनन् गर्ने कार्यको अनुमति सम्बन्धित स्थानीय तहले प्रदान गर्ने कानूनी व्यवस्था रहेको छ। यस जिल्लाका विशेष गरी पूर्व पश्चिम राजमार्गसँग जोडिएका स्थानीय तहको क्षेत्राधिकार भित्र नदीजन्य पदार्थको पर्याप्तता रहेको छ। कतिपय अवस्थामा सम्बन्धित पालिकाले तोकिएको समयमा ठेक्का नलगाउने, ठेक्का लागेको अवस्थामा पनि सम्झौतामा तोकिएको Quantity भन्दा बढी मात्रामा उत्खनन् गर्ने र केही स्थानमा अवैध तवरबाट उत्खनन् गरिएको पाइएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकिएको कानूनको पूर्ण कार्यान्वयन गर्न सबै स्थानीय तह प्रतिवद्ध हुँदै उत्खनन् गर्दा हुने खाल्डा खुल्डी र वर्षाको समयमा उक्त खाल्डा खुल्डीमा पानी जमेर सर्वसाधारणको ज्यान समेत जाने हुँदा यसतर्फ सम्बन्धित स्थानीय तहहरुले आवश्यकीय प्रबन्ध गर्ने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

६. मनसुनजन्य बाढीको कारण हुन सक्ने क्षतिको पूर्व आँकलन गरी तथ्यगत विवरण सहितको प्रतिवेदन १५ दिन भित्र पेश गर्न जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय सिरहा र कमला नदी नियन्त्रण आयोजना,धनुषालाई जिम्मेवारी प्रदान गर्ने ।

७. गृह, सञ्चार तथा कानून मन्त्रालय, मधेश प्रदेश, जनकपुरबाट जाडोको समयमा वितरण गर्ने प्रयोजनको लागि प्राप्त - ३५०० थान कम्वल मध्ये नेपाली सेनालाई - ७०० थान, नेपाल प्रहरीलाई- १०२० थान, सशस्त्र प्रहरीबल नेपाललाई - २७६ थान, सुखिपुर न.पा.लाई -८० थान, यस कार्यालयबाट-१३४ थान सर्वसाधारणलाई बितरण गरेको भर्पाई प्राप्त भएको र यस कार्यालयमा -१२९० थान मौजदात रहेको विषय जानकारी भयो र उक्त विवरण सर्वसम्मतबाट अनुमोदन गर्ने निर्णय गरियो ।

८. चैत्र- बैशाख- जेष्ठ-असार महिनामा खासगरी आगलागी, हावाहुरीबाट जनधनको क्षति हुने गरेको घटनाक्रमलाई दृष्टिगत गर्दै यस वर्ष उक्त घटनालाई न्यूनीकरण गर्न वडातहसम्म सचेतानमूलक, सन्देशमूलक कार्यक्रमको सम्बन्धित स्थानीय तहबाट व्यापक प्रचार प्रसार गर्दै उक्त घटनामा प्रत्यक्ष सरोकार राख्ने दमकल, एम्वुलेन्स जस्ता सवारीहरु मर्मत गर्नुपर्ने मर्मत समेत गरी चालक र इन्धन सहित जुनसुकै बखत प्रयोग गर्न सकिने गरी तयारी अवस्थामा राख्ने ।

९. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरुलाई बैठकमा छलफल गरियो । सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण समेत कार्यसूचिमा रहेको सन्दर्भ समेतलाई दृष्टिगत गरी त्यस्ता जग्गाको यकिन गरी संरक्षण गर्न सबै स्थानीय तहहरुले तत्कालै कार्य सुभारम्भ गरि निरन्तर जिल्ला प्रशासनसँग समन्वय गर्ने व्यवस्था गर्ने ।

१०. नरहा गाउँपालिकाको च.नं. ७८५ मिति २०८२/१२/२२ गतेको पत्रबाट सिरहा जिल्ला साविक गा.वि.स. देवीपुर-४ हाल नरहा गा.पा. वडा नं.-१ मा रहेको सार्वजनिक जग्गा, सरकारी स्वामित्वमा रहेको जग्गा कि.नं. ३० को क्षेत्रफल ०-७-०० मा नरहा गा.पा. को वडा नं.-१ को वडा कार्यालय भवन निर्माणको लागि उल्लेखित जग्गा विपद् व्यवस्थापनको लागि आवश्यक नपर्ने सिफारिस गरिपाउँ भनी लेखि आएको हुँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यानीति, २०७९ को दफा ७ ज बमोजिम नरहा गा.पा.बाट लेखि आएको कि.नं. र क्षेत्रफलको जग्गा विपद् व्यवस्थापनको लागि आवश्यक नपर्ने भनी सिफारिस गर्ने निर्णय गरियो ।

प्रमुख जिल्ला अधिकारी

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा, नेपाल

११. यस जिल्ला भित्र संचालनमा आएका योजना/आयोजना समयावधिभित्र सम्पन्न हुन नसकेका योजना/आयोजना कसको लापरवाहीको कारण सम्पन्न हुन नसकेको हो, आयोजना संचालन गर्ने निकायले तत्कालै आयोजना सुरु गर्ने/गराउने र समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने भए अविलम्व जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने ।

१२. गर्मी बढेसँगै डेंगु, मलेरिया, कालाजरको प्रकोप बढ्ने र उक्त प्रकोपको संक्रमण भयावह हुन सक्ने हुँदा जिल्ला स्वास्थ्य कार्यालयले सबै स्थानीय तहका स्वास्थ्य शाखासँग समन्वय गरी प्रबर्द्धनात्मक, निरोधात्मक उपाय अविलम्व अवलम्वन गर्ने ।

१३. सिरहा जिल्लाका तीनवटै विद्युत वितरण कार्यालयबाट विद्युत चुहाबट नियन्त्रण गर्ने, तार (लट्ठा) को उचित व्यवस्थापन नहुँदा सर्वसाधारण करेन्ट प्रवाह भई मृत्यु समेत हुन सक्ने हुँदा उक्त घटना हुन नदिन तर्फ आवश्यकीय प्रबन्ध गर्ने ।

१४. संकटासन्न परिवारको लागि निशुल्क बितरण गर्न आवश्यक पर्ने मेडिकेटेड ५००० थान झुल उपलव्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश, जनकपुरधामलाई अनुरोध गर्ने ।

१५. प्रादेशिक अस्पताल सिरहा र लहानमा रेबिज भ्याक्सिनको अभावमा उपचारमा कठिनाई हुँदा प्रयाप्त मात्रामा रेबिज भ्याक्सिन उपलव्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश, जनकपुरधामलाई अनुरोध गर्ने ।

१६. यस वर्ष वर्षातको समयमा कम वर्षा भई धानवालीको उत्पादन अत्यन्तै न्यून भएको, हाल हावाहुरीको कारण आँपको फुल मरी आशातीत उत्पादन नहुने हुँदा कृषि कार्यमा पूर्णतया निर्भर रहेका कृषकहरुलाई निश्चित मापदण्ड बनाई राहत प्रदान गर्न कृषि ज्ञान केन्द्र सिरहा मार्फत सम्बन्धित निकायमा अनुरोध गर्ने ।

१७. नेपाल सरकारद्वारा लागु गरिएको स्वास्थ्य वीमा वापतको रकम समयमै प्रादेशिक अस्पतालहरुमा नआउँदा स्वास्थ्य सेवा प्रवाहमा असर देखिएको हुँदा प्रादेशिक अस्पताल सिरहाको च.नं.५७७ मिति २०८२/१२/२३ गतेको प्राप्त पत्रानुसार स्वास्थ्य वीमा वापतको रकम उपलव्ध गराउन (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश, जनकपुरधामलाई अनुरोध गर्ने ।

०८२/१२/२३

प्रमुख जिल्ला अधिकारी